# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं पौष २२ गते २०१० साल [ अतिरिक्ताङ्क

## भाग २

### २०१० साल पौष ६ गतेका मन्त्रिमण्डलको निर्णयबाट
### करेन्सी एण्ड एक्सचेञ्ज विभाग
### अर्थमन्त्रालयको विज्ञप्ति

संख्या २६४०                                        २१।६।०१०

विषयः— हाम्रो मुद्राको माग र मूल्य तत्काल बढाउनलाई भन्सार सहुलियत तुरुन्त बदर गर्ने र देशको औद्योगिक विकाशको निमित्त सरकारले दिने सुविधा ।

सरकारले महाजनहरूलाई भन्सारमा खाता खोल्ने सुविधा दिएकोले प्रमुख महाजनहरूले झिकाएको माल भन्सारबाट छुटाउनासाथ तुरुन्तै भन्सार महसूल बुझाउन नपरी एक सालभरी झिकाएको मालको महसूल सालतमाम भएको २ महीनापछि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

बुझाउने सहूलियत पाएका र अरू महाजनहरूले एक महीनाभरमा पैठारी गरी भन्सार छुटाएको मालसामानको महसूल अर्को महीनाभरमा बुझाउने सहूलियत पाएकोबाट कुनै एक महीनाभरमा महाजनले तिर्नुपर्ने भन्सारको लगत अर्को महीनाभरमा असुल गर्दा असूल हुने महीनाभरमा त्यत्तिकै लगतबमोजिमको रुपैयाँ सरकारी खजानामा हुनुपर्नेमा उक्त सहूलियतहरू दिइएकोले महाजनको हातमा रही पैठारी खेलामा लागी हाम्रो मुद्राको स्फीति भई हाम्रो मुद्राको माग र मूल्य घटी भारतीय मुद्राको मूल्यसमेत बढ्दै गएकोले तपसीलबमोजिम गरिएको छ।

## तपसील

(१) खाता खोली महसूल तत्कालै बुझाउन नपर्ने गरी महाजनलाई दिएको भन्सार सहूलियत बदर गरी अबउप्रान्त भन्सारबाट माल छुटाउनासाथ तुरुन्तै महसूल बुझाउनु बुझनुपर्छ।

(२) खाता खोल्ने सहूलियत पाएकोबाट खाता खोलिसकेका महाजनहरूले पनि यो विज्ञप्ति प्रकाश भएको १५ दिनभित्र भन्सारमा आफूले बुझाउनुपर्ने खाताबमोजिमको रुपैयाँ बुझाउनु बुझनुपर्छ। सोबमोजिम महाजनले आफूले बुझाउनुपर्ने रुपैयाँ तुरुन्त नबुझाएमा सरकारी रुपैयाँ असूल गर्दा जुन कारवाई गरी सरकारी रुपैयाँ असूल उपर गर्छ। सोहीबमोजिम गरी सरकारले खाताबमोजिमको उक्त भन्सार महसूल महाजनहरूसग असूल उपर गर्नेछ। उक्त निर्णय प्रकाश भएको मितिदेखि नै काठमाडौं भन्सार र गौचर भन्सारमा लागू हुनेछ। अरू भन्सार, बजार अड्डाहरूमा शासनव्यवस्था मिलिसकेपछि, शीघ्रातिशीघ्र अर्को विज्ञप्ति प्रकाश गरी अरू भन्सार, बजार अड्डाहरूमा पनि उपरोक्त निर्णय लागू हुनेछ।

(३) देशको औद्योगिक विकाश हुने र देशको परिश्रमद्वारा उपभोगका सामान तयार गर्ने, उत्पादन शक्ति बढाउने कामको निमित्त क्यापिटल गुड्स

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

९६२

( Capital goods ) झिकाउनको निमित्त समेत सरकारले नियमित सदही दरमा भारतीय मुद्रा दिने र अरु विदेशी मुद्रा दिलाउने र अरु मुनासीब सुविधासमेत दिने निर्णय भएको छ।

आज्ञाले—

हिमालयशमशेर.

सेक्रेटरी— अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

१६४